## काठमाडौं महानगरपालिका कार्यालयको

# खुला प्रतियोगिताद्वारा पदपूर्ति सम्बन्धी दरखास्त आह्वानको सूचना

## सूचना नं.५/०७२-०७३

काठमाडौं महानगरपालिकामा रिक्त रहेका तपसीलका तह, सेवा र समूहका पदहरुको खुला प्रतियोगिताद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकाले स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २२३ को उपनियम(२) र (३) मा व्यवस्था भए बमोजिम सम्भाव्य उम्मेदवारहरुले काठमाडौं महानगरपालिका पदपूर्ति समितिबाट निर्धारित दरखास्त फाराममा उल्लेखित विवरण खुलाई म्याद भित्र रितपूर्वकको दरखास्त दिन पदपूर्ति समितिको मिति २०७३।३।२७ गतेको निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ ।

| क. सं. | वि.नं. | पद, तह, सेवा /समूह/उपसमूह | समावेशी | | | | | खुला | जम्मा पद संख्या | **लिखित परीक्षा मिति प्रथम पत्र** | **समय** | **परीक्षाको किसिम** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | आदिवासी जनजाती | मधेसी | दलित | पि.छे. | | | | | | |
| १ | २०/०७२।७३ | अमिन (सर्वेक्षक), सहायक स्तर पांचौ, प्रा/विविध | १ | - | - | - | - | २ | **३(तिन)** | **२०७३।६।२** | | **लिखित र अर्न्तवाता** | |
| २ | २१/०७२।७३ | कम्प्युटर टेक्निसियन, सहायक स्तर पांचौ, प्रा/विविध | १ | - | - | - | - | २ | **३(तिन)** | **२०७३।६।१** | | **लिखित प्रयोगात्मक परक्षा र अर्न्तवाता** | |
| ३ | २२/०७२।७३ | स्वास्थ्य सहायक,(सि.अ.हे.व.) सहायक स्तर पांचौ, प्रा/स्वास्थ्य | १ | - | - | - | - | १ | **२(दुई)** | **२०७३।५।३०** | दिनको ४:३० बजे | **लिखित र अर्न्तवार्ता** | |
| ४ | २३/०७२।७३ | जुनियर सिभिल इञ्जिनियर, सहायक स्तर पाँचौं, प्रा../सिभिल | १ | - | - | - | - | १ | **२(दुई)** | **२०७३।५।२९** | | **लिखित र अर्न्तवाता** | |
| ५ | २४/०७२।७३ | अ.न.मी. सहायक स्तर पांचौ, प्रा./स्वास्थ्य | १ | - | - | - | - | २ | **३(तीन)** | **२०७३।५।२८** | | **लिखित र अर्न्तवार्ता** | |
| ६ | २५/०७२।७३ | अ.न.मी, सहायक स्तर चौथो, प्रा./स्वास्थ्य | १ | १ | - | - | - | ३ | **५(पाँच)** | **२०७३।५।२६** | | **लिखित र अर्न्तवार्ता** | |
| ७ | २६/०७२।७३ | अ.हे.ब/स्वास्थ्य सहायक कार्यकर्ता सहायक स्तर चौथो, प्रा./स्वास्थ्य | १ | १ | १ | १ | - | ६ | **१०(दश)** | **२०७३।५।२७** | | **लिखित र अर्न्तवाता** | |
| ८ | २७/०७२।७३ | नगर प्रहरी जवान,सहायक स्तर दोस्रो,प्र./प्रहरी | ८ | १३ | ११ | ६ | २ | ५० | **९० (नब्बे)** | **२०७३।५।२५** | | **लिखित, शारिरिक तन्दुरुस्ती परिक्षण र अर्न्तवार्ता** | |

द्रष्टव्यः

**परीक्षा केन्द्रः-** पछि सूचना गरिने छ ।

**दरखास्त फाराम दस्तुरः-** रु.१००(एक सय),

**परीक्षा दस्तुरः** सहायक स्तर पाँचौं तहको लागि रु. ४००।- (चार सय र सहायक स्तर चौथो तहको लागि रु.३०० ।-(तिन सय) र सहायक स्तर दोस्रो तहको लागि रु.२००।- (दुई सय) र प्रत्येक थप समावेशी समूहको लागि थप रु.२००।- (दुईसय)

**उम्मेदवारको उमेर हद** :- दरखास्त दिने अन्तिम मितिसम्ममा सहायक स्तरको लागि १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको, र महिलाको हकमा ४० वर्ष ननाघेको हुनु पर्नेछ । नगर प्रहरी जवानको हकमा १८ वर्ष पुरा भई २३ वर्ष ननाघेको हुनुपर्नेछ ।

**दरखास्त दिने अन्तिम मितिः- २०७३।४।२६** सम्म (दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो पछि कार्यालय खुलेको दिन) तथा दोब्बर दस्तुर तिरी थप ७(सात) दिन भित्र

**परीक्षा दस्तुर बुझाउने स्थान** :- काठमाडौं महानगरपालिकाको नविल बैंकमा रहेको खाता नं. **०२०६०१७५००४३६** मा रकम बुझाएको सक्कल भौचर दरखास्त फाराममा संलग्न गरी **पदपूर्ति समितिको सचिवालय, राष्ट्रिय सभागृह, प्रदर्शनी मार्ग मा बुझाउनु पर्नेछ ।**

**अन्तर्वार्ता हुने मितिः-** लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा प्रकाशन गरिनेछ ।

**पदमा रही गर्नुपर्ने कामको विवरणः-** सेवा, समूह सम्बन्धी ।

तलबः- प्रचलित स्केल बमोजिम ।

**आवश्यक न्यूनतम योग्यता**

१), सहायक स्तर पांचौ तह को लागि :- मान्यताप्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण

२),सहायक स्तर चौथो तह को लागि :- मान्यताप्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा प्राविधिक प्रवेशिका तह वा सो सरह उत्तीर्ण

३),सहायक स्तर दोस्रो तह को लागि :- मान्यताप्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा प्रवेशिका परीक्षा उत्तीर्ण

**द्रष्टव्यः**

(क) दरखास्त दिने अन्तिम मिति सम्ममा सेवा, समूह सम्बन्धी ऐन, नियम अनुसार उमेर पुगेको र उमेरको हद ननाघेको हुनु पर्नेछ । काठमाडौं महानगरपालिकाको स्थायी कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन ।

(ख) स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २२७ बमोजिम अयोग्य नभएको हुनु पर्नेछ ।

(ग) दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन ।

(घ) पदपूर्ति समितिको सचिवालयद्वारा तोकिएको म्यादभित्र दाखिला नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।

(ङ) लिखित परीक्षामा सहयोगी लेखक माग गर्ने उम्मेदवारले परीक्षा शुरु हुनु भन्दा कम्तीमा ७(सात) दिन अगावै पदपूर्ति समितिको सचिवालयमा सम्पर्क राख्नु पर्नेछ । अन्यथा सहयोगी लेखक उपलब्ध गराउन पदपूर्ति समिति वाध्य हुने छैन ।

(च) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनु भन्दा अगाडि शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता तथा समावेशी तर्फ दरखास्त दिने उम्मेदवारको लागि पेश गर्नुपर्ने भनी उल्लेख गरिएका कागजातहरुको सक्कलका साथै नक्कल प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(छ) दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनुपर्ने र शैक्षिक योग्यता प्रदान गर्ने निकाय वा विश्वविद्यालयबाट प्राप्त हुने प्रमाणपत्र वा लब्धाङ्क विवरण, ट्रान्सक्रिप्ट प्राप्त गरिसकेको हुनु पर्नेछ । विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ ।

(ज) परीक्षामा कालो मसीमात्र प्रयोग गर्नुपर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

(झ) पाठ्यक्रम का.म.पा. को Website: www.kathmandu.gov.np बाट प्राप्त गर्न सकिने छ ।

**पदपूर्ति समितिको सचिवालय, राष्ट्रिय सभागृह**

काठमाडौं महानगरपालिका कार्यालय

## कार्यक्षमताको मूल्याङ्कनद्वारा गरिने बढुवा सम्बन्धी सूचना

**सूचना नं. ६/०७२।०७३**

काठमाडौं महानगरपालिका कार्यालयको रिक्त रहेका स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २२३ को उपनियम (३) तथा नियम २२४ मा व्यवस्था भए बमोजिम तपशिल बमोजिमका पद र तहमा कार्यक्षमताको मूल्यांकनद्वारा पदपूर्ति गर्नुपर्ने भएकाले सम्भाव्य उम्मेदवारहरुले काठमाडौं महानगरपालिका पदपूर्ति समितिबाट निर्धारित दरखास्त फाराममा उल्लेखित विवरण खुलाई मिति **२०७३।४।२६** गते सम्ममा रित्तपूर्वकको दरखास्त दिन पदपूर्ति समितिको मिति **२०७३।३।२७** गतेको निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ।

सम्बन्धित उम्मेदवारले दरखास्त फाराम स्पष्ट संग भरी दरखास्त दाखिला गर्ने अन्तिम मिति भित्र काठमाडौं महानगरपालिका पदपूर्ति समितिको सचिवालय, राष्ट्रिय सभागृहमा बुझाइसक्नु पर्नेछ। म्याद नाघी प्राप्त हुन आएको दरखास्त उपर कुनै कारवाही गरिने छैन।

पुनश्चः

१) बढुवाको लागि उम्मेदवार हुन चाहिने न्यूनतम सेवा अवधि र तोकिएको योग्यता पुगेको हुनुपर्नेछ।
२) बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन अयोग्य नभएको हुनुपर्नेछ।
३) दरखास्त फाराम भर्दा कर्मचारी संकेत नं. अनिवार्य उल्लेख गरेको हुनुपर्नेछ।
४) समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।
५) दरखास्त फाराम भर्दा स्पष्ट खुलाउनु पर्ने विवरण दरखास्त फारामको विभिन्न महलको द्रष्टव्यमा उल्लेख भए बमोजिमको गर्नु पर्नेछ।
६) दरखास्त फाराम रु.१०० मा खरिद गरी परीक्षा दस्तुर रु.सहायक स्तर पाँचौं तहको लागि रु. ४००।- (चार सय),काठमाडौं महानगरपालिकाको नविल बैंकमा रहेको खाता नं.०२०६०१७५००४३६ मा बुझाएको सक्कल भौचर दरखास्त फाराममा संलग्न गरी पदपूर्ति समितिको सचिवालय, राष्ट्रिय सभागृह प्रदर्शनी मार्गमा बुझाउन पर्नेछ।

विवरण

| सि. नं. | बढुवा वि.नं | पद र तह | सेवा/समूह | का.क्ष.मू.द्वारा बढुवा हुने पद संख्या |
|---|---|---|---|---|
| १) | २८/०७२।०७३ | स्वास्थ्य सहायक,(सि.अ.हे.व.) सहायक स्तर पांचौ, | प्रा./स्वास्थ्य | २(दुई) |
| २) | २९/०७२।०७३ | अ.न.मी. सहायक स्तर पांचौ, प्रा | प्रा./स्वास्थ्य | ३(तिन) |

**पदपूर्ति समितिको सचिवालय, राष्ट्रिय सभागृह**

काठमाडौं महानगरपालिका कार्यालय

# कार्यक्षमताको मूल्याङ्कनद्वारा गरिने बढुवा सम्बन्धी सूचना

**सूचना नं.७/०७२।०७३.**

काठमाडौं महानगरपालिका कार्यालयको रिक्त रहेका नगर प्रहरी सम्बन्धि विनियमावली २०७२ को परिच्छेद ५ को विनियम २५ तथा स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २२३ को उपनियम ३ तथा नियम २२४ मा व्यवस्था भए बमोजिम तपशिल बमोजिमका पद र तहमा कार्यक्षमताको मूल्यांकनद्वारा पदपूर्ति गर्नुपर्ने भएकाले सम्भाव्य उम्मेदवारहरुले काठमाडौं महानगरपालिका पदपूर्ति समितिबाट निर्धारित दरखास्त फाराममा उल्लेखित विवरण खुलाई मिति **२०७३।४।२६** गते सम्ममा रित्तपूर्वकको दरखास्त दिन पदपूर्ति समितिको मिति **२०७३।३।२७** गतेको निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ ।

सम्बन्धित उम्मेदवारले दरखास्त फाराम स्पष्ट संग भरी दरखास्त दाखिला गर्ने अन्तिम मिति भित्र काठमाडौं महानगरपालिका पदपूर्ति समितिको सचिवालय, राष्ट्रिय सभागृहमा बुझाइसक्नु पर्नेछ । म्याद नाघी प्राप्त हुन आएको दरखास्त उपर कुनै कारवाही गरिने छैन ।

पुनश्चः

१) बढुवाको लागि उम्मेदवार हुन चाहिने न्यूनतम सेवा अवधि र तोकिएको योग्यता पुगेको हुनुपर्नेछ ।
२) बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन अयोग्य नभएको हुनुपर्नेछ ।
३) दरखास्त फाराम भर्दा कर्मचारी संकेत नं. अनिवार्य उल्लेख गरेको हुनुपर्नेछ ।
४) समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।
५) दरखास्त फाराम भर्दा स्पष्ट खुलाउनु पर्ने विवरण दरखास्त फारामको विभिन्न महलको द्रष्टव्यमा उल्लेख भए बमोजिमको गर्नु पर्नेछ ।
६) दरखास्त फाराम रु.१०० मा खरिद गरी परीक्षा दस्तुर रु.४००। (चार सय) काठमाडौं महानगरपालिकाको नविल बैंकमा रहेको खाता नं.०२०६०१७५००४३६ मा बुझाएको सक्कल भौचर दरखास्त फाराममा संलग्न गरी पदपूर्ति समितिको सचिवालय, राष्ट्रिय सभागृह प्रदर्शनी मार्गमा बुझाउन पर्नेछ ।

विवरण

| सि. नं. | बढुवा वि.नं | पद र तह | सेवा/समूह | कार्यक्षमता मल्यांकनद्वारा बढुवा हुने पद संख्या |
|---|---|---|---|---|
| १) | ३१/०७२।०७३ | नगर प्रहरी नायब निरिक्षक, पांचौ | प्रशासन/प्रहरी | ८(आठ) |

**पदपूर्ति समितिको सचिवालय, राष्ट्रिय सभागृह**

# काठमाडौं महानगरपालिका कार्यालयको पदपूर्ति सम्बन्धी संशोधित सूचना

१ . काठमाडौं महानगरपालिका कार्यालय पदपूर्ति समितिको मिति २०७३।३।२८ गतेको गोरखापत्र दैनिकमा प्रकाशित खुलातर्फको विज्ञापन नं. २७।०७२।७३, नगर प्रहरी जवान, सहायक स्तर दोस्रो तहको मधेशी र दलित तर्फको पद संख्यामा दलित तर्फ ६(छ) र मधेशी तर्फ ११(एघार) पद हुनुपर्नेमा अन्यथा पर्न गएकोले सच्याइएको छ। साथै उक्त विज्ञापनको भर्ना तथा छनौट प्रक्रिया काठमाडौं महानगरपालिका कार्यालयको नगर प्रहरी सम्बन्धी विनियमावली, २०७२, नियम नं.१२ र १३ बमोजिम हनेछ ।

२. विज्ञापन नं. ३०।७२।७३ स्वास्थ्य सहायक,(सि.अ.हे.व.) सहायक स्तर पांचौ, दोहोरो पर्न गएकोले हटाइएको छ ।